# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, फागुन २७गते २०५३साल (अतिरिक्ताङ्क ६३


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२ को उपधारा (१) बमोजिम प्रधानमन्त्रीको पदमा नियुक्तिका लागि दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई जाहेर गर्न आव्हान गरिबक्सेकोमा प्रतिनिधि सभाका सदस्य एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता श्री लोकेन्द्रबहादुर चन्दले राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी एमाले तथा नेपाल सद्भावना पार्टीबाट प्रतिनिधित्व गर्नु हुने प्रतिनिधि सभाका सदस्यहरू र अन्य प्रतिनिधि सभा सदस्य समेत गरी १०३ जना प्रतिनिधि सभाका सदस्यहरूको समर्थनबाट बहुमतको विश्वास प्राप्त गर्न सक्ने व्यहोरा मौसूफका हजूरमा जाहेर गर्नु भएकोले मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सदस्य श्री लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सेको छ ।

साथै श्री ५ महाराजाधिराजबाट श्री शेरबहादुर देउवाको अध्यक्षतामा गठन भएको मन्त्रिपरिषद्लाई सुम्पिएको कार्य सम्पन्न गरेकोमा धन्यवाद बक्सेको छ ।

१४५६

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।